मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# शुभकामना

आज माघ १६ गते अर्थात् सहिद दिवस । देश जनताका लागि जीवन अर्पण गर्ने ज्ञात अज्ञात सहिदहरुप्रति म यस अवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

१ सय ४ वर्षीय जहानीया राणा शासन विरोधी आन्दोलनमा जीवन अर्पण गर्ने ४ सहित विभिन्न कालखण्डमा भएका आन्दोलनमा सहादत प्राप्त गर्ने सहिदहरुका कारण नै अहिले हामीलाई यो राजनीतिक उपलब्धि हासिल भएको छ । उहाँहरु सदा सर्वदा हाम्रो स्मरणमा रहनुहुनेछ । सहिदकै साहसिक कार्य र बलिदानको परिणामस्वरुप लोकतान्त्रिक वातावरणमा हामी निर्धक्क भएर आफ्ना हक अधिकार प्रयोग गर्न पाएका छौं ।

सहिदहरुको बलिदानीपूर्ण संघर्षबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्नु अहिलेको सबैभन्दा ठूलो र महत्वपूर्ण जिम्मेवारी हो । देशमा स्वच्छ राजनीतिक संस्कारको विकास तथा आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने सोचसहित अघि बढ्नु नै सहिदहरुप्रति सच्चा श्रद्धाञ्जली हुन्छ भन्ने विषयलाई सबै राजनीतिक दलले मनन गर्नु जरुरी छ । महान् सहिदहरुको त्याग र बलिदानको कदरका लागि प्रदेश सरकार सदा प्रतिबद्ध छ ।

यतिका लामो संघर्षपछि संविधानसभामार्फत् बनेको संविधान र त्यसपछि बनेको ३ तहका सरकारलाई अझ प्रभावकारी र जनमुखी बनाउनका लागि आपसी सहमति र सहकार्य नै सबैभन्दा ठूलो शक्ति हो । राजनीतिक उपलब्धिपछि अबको साझा लक्ष्य आर्थिक समृद्धि हो । यसका लागि सबै राजनीति दल, नागरिक समाज, निजी क्षेत्रसहित सम्पूर्ण नेपाली एकजुट भएर अगाडि बढ्न यस दिवसले हामी सबैलाई प्रेरणा मिलोस भन्दै हार्दिक शुभकामना प्रकट गर्दछु ।

२०७८ माघ १६

कृष्णचन्द्र नेपाली पोखरेल